प्रतिदिन १६औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

वर्ष-१६ ।। अङ्क : ३१२ ॥ २०८१ पुष १८ गते बिहिबार (2nd Jan 2025 Thursday) | Pratidin National Daily | मूल्य-रु.५/-

**प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन,
- यसले जमिन तथा जल प्रदुषण गर्दछ,
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ,
- प्लाष्टिक जलाउदा वायुमण्डल प्रदुषित हुन्छ,
- खोलानाला वा समुद्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ,
- त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

## चिसोले जनजीवन कष्टकर
# स्वास्थ्य संस्थामा बढे विरामी

• लक्ष्मी उप्रेती

झापा । पछिल्लो केही दिनयता चिसो बढेसँगै सरकारी तथा निजी अस्पताल र स्वास्थ्य केन्द्रहरुमा विरामीको चाप बढेको छ ।
चिसोका कारण सबैभन्दा बढी बालबालिका र जेष्ठ नागरिक प्रभावित बनेका छन् । चिसोका कारण सर्वसाधारणको जनजीवन निकै कष्टकर बन्दै गएको छ । त्यस्तै अत्यधिक रूपमा बढेको चिसोबाट पशुपालक किसानलाई वस्तुभाउ जोगाउन मुश्किल परेको छ ।



कठ्यांग्रिदो चिसोले बालबालिका, वृद्धवृद्धा तथा शारीरिक रूपमा कमजोर व्यक्ति र न्यानो कपडा नभएका बनिबुतो गरेर खाने अतिविपन्न परिवारलाई धेरै गाह्रो पारेको पूर्णटुङ्ग बिर्तासिटी अस्पताल बिर्तामोडका आकस्मिक कक्षमा कार्यरत डाक्टर मनिष उप्रेतीको भनाई छ ।
चिसो र शीतलहरका कारण रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका विरामी बढेको ठाकुर पोलिक्लिनिक एण्ड डाइग्नोस्टिक सेन्टर बिर्तामोडका वरिष्ठ फिजिसियन डाक्टर पिताम्बर ठाकुरले बताए ।
यी समस्याका कारण मानिसहरु उपचारका लागि अस्पताल तथा स्वास्थ्य संस्थामा पुग्ने गर्दा विरामीको चाप बढेको उनको भनाई छ । चिसोका बिरामीमा खोकी लाग्ने, ज्वरो आउने, पखाला लाग्नेजस्ता लक्षण देखा परेको स्वास्थ्यकर्मीहरुको भनाई छ ।
' केही दिनदेखि बढेको चिसोका कारण ५० प्रतिशत विरामी बढेका छन्'डाक्टर ठाकुरले भने, 'खासगरी, ज्वरो, श्वासप्रश्वास, निमोनियालगायतका रोगको सङ्क्रमण देखिएको छ ।' यसबाट सवैभन्दा बढी बालबालिका र वृद्धवृद्धा पीडित छन् । साथै मधुमह र रक्तचापका विरामीहरुको मात्रा समेत बढेको डाक्टर ठाकुरको भनाई छ ।
प्रादेशिक अस्पताल भद्रपुरका डाक्टर विनेश झाले जाडोमा रगत बाक्लो हुने भएकाले सुगर र रक्तचाप बढ्ने र प्रायः सबै दीर्घकालीन रोग बढी गम्भीर बन्ने भन्दै सतर्कता अपनाउन आग्रह गरेका छन् । झापाका विभिन्न अस्पतालमा पुष लागेसँगै रुघाखोकी, निमोनिया र टाइफाईडका बिरामी बढेका छन् ।

मेचीनगर–६ काँकरभिट्टास्थित मनिषा पोलिक्लिनिक एण्ड डाइग्नोस्टिक सेन्टरका सञ्चालक दिलिप सुवेदीका अनुसार नवजात शिशुदेखि वृद्धवृद्धामा रुघाखोकी,ज्वरो, श्वासप्रश्वास, निमोनियालगायत रोगको सङ्क्रमण देखिएको छ । अहिले दैनिक २५ देखि ३० जना बालबालिका र १५ देखि २० जनासम्म वृद्धवृद्धा उपचारका लागि आफ्नो स्वास्थ्य केन्द्रमा आउने गरेको उनको भनाई छ ।
चिसोका कारण झाडापखाला,ज्वरो, रुघाखोकी, निमोनियालगायत समस्या भएका विरामी आउने गरेको उनले बताए । मेचीनगर नगरपालिकास्थित स्वास्थ्य शाखाका अनुसार आधारभूत अस्पतालसहित ग्रामीण भेगका अस्पताल तथा स्वास्थ्य केन्द्रमा पनि रुघाखोकी, ज्वरो, निमोनियाका बिरामीको चाप बढ्दै गएको छ ।

पछिल्लो केही दिनयता चिसो बढेपछि मेचीनगरसहित जिल्लाका अन्य बजार क्षेत्रमा चहलपहल पातलिएको झापा भद्रपुरका रामप्रसाद पाठकको भनाई छ । चिसो छल्न धेरैले अहिले घर तथा चौक बजारमा आगो तापेर बसिरहेको मेचीनगर–७ भान्सा खोलाका हरिबोल चौधरीले बताए । चिसोबाट जोगिन न्यानो कपडा लगाउन, अत्यावश्यक काम पर्दा बाहेक स्याँठ चलेका बेला बाहिर ननिस्कन, निस्कँदा पनि शरीरमा हावा पस्न नपाउने गरी कपडा लगाउन, आगो ताप्न, आगो ताप्दा पनि शरीरमा सल्किएर अर्को दुर्घटना हुने भएकाले ख्याल गर्न, झोलिलो र तातो खानेकुरा खान डाक्टर ठाकुरले सुझाव दिएका छन् ।

# हात्तीले लखेटी लखेटी केलावतीलाई मार्‍यो



झापा(प्रस) । दाउरा खोज्न झापा कचनकवल गाउँपलिका- ७ तारावनास्थित दिपज्योति सामुदायिक वन गएकी एक महिलाको हात्तीको आक्रमणबाट मृत्यु भएको छ । बुधवार मध्यान्ह कचनकवल गाउँपलिका ७ तारावनास्थित दिपज्योति सामुदायिक वनमा स्थानीय १५-२० जना महिला दाउरा र घाँस काट्न गएकोमा सोही ठाउँ बस्ने ३५ वर्षीया केलावती राजवंशीलाई एउटा जंगली हात्तीले लखेटेको थियो । उनी हराएको भनी स्थानीयले इलाका प्रहरी कार्यालय बनियानीमा जानकारी गराउनासाथ प्रहरी टोली खटिएर खोजतलास गर्ने क्रममा वनक्षेत्र नजिकै जंगली हात्तीले आक्रमण गरी घाइते अवस्थामा राजवंशी फेला परेकी थिइन् । उनलाई साँझ ४:४० बजे फेला पारी उपचारको लागि ओमसाई पाथीभरा अस्पताल भद्रपुर ल्याई थप उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुरलगेकोमा साँझ ५:१० बजे अस्पताल पुर्‍याउनसाथ डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयकी निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक मेहेगी ल्हामु तामाङले जानकारी दिएकी छन् । मृतक केलावतीका १४ वर्षका छोरा र ७ वर्षकी छोरी रहेका छन् । उनका श्रीमान् वैदेशिक रोजगारीमा गएका छन् ।

# शौचालयको लागि जग्गा खोज्दै बिर्तामोड नगरपालिका

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकाले सार्वजनिक शौचालय निर्माणको लागि जग्गा उपलब्ध गराउन सार्वजनिक सूचना जारी गरेको छ ।
पूर्व बुट्टाबारी चौकदेखि पश्चिममा चारपाने चौकसम्म राजमार्गको १ सय मिटर दुरीभित्र सुविधायुक्त सार्वजनिक शौचालय निर्माणको लागि कम्तिमा ५ धुर जग्गा आवश्यक रहेकोले कार्यपालिका बैठकको निर्णयानुसार सूचना सार्वजनिक गरेको नगरका प्रमुख प्रशासकीय अधिकृत मिलन भट्टराईले जानकारी दिए ।
नगरपालिकाले जारी गरेको सूचनामा निःशुल्क जग्गा उपलब्ध गराउन इच्छुक दाताले कित्ता नम्बर तथा क्षेत्रफल खुलाएर १५ दिनभित्र नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्न आग्रह गरेको छ ।
नगर प्रमुख पवित्रा महतारा प्रसाईले आवश्यक जग्गाको अभावमा सार्वजनिक शौचालय निर्माणमा कठिनाई भएको बताइन् । उनले सुविधा सम्पन्न शौचालय निर्माणको लागि संघीय सरकारबाट एक करोड रुपैयाँ बजेट उपलब्ध भएपनि जग्गा नहुँदा फ्रिज हुनसक्ने सम्भावना रहेको गुनासो गरिन् । नगर प्रमुख प्रसाईले

• बाँकी अन्तिम पृष्ठमा

**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा**

**विषयः-निःशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धी १५ दिने सूचना ।**
मितिः- २०८१।०९।१६ गते

बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०९/१२ गतेको ५९ औं कार्यपालिका बैठकको निर्णयानुसार बिर्तामोड नगरपालिकाको मुख्य केन्द्र बिर्तामोड बजार पूर्व ६ नं वडा अन्तर्गत पर्ने बुट्टाबारी चौकदेखि पश्चिममा १ नं वडा अन्तर्गत चारपाने चौकस राजमार्गको १०० मिटर दूरी भित्र सुविधायुक्त सार्वजनिक शौचालय निर्माणका लागि कम्तिमा ५ (पाँच) धुर जग्गा आवश्यक भएकाले निःशुल्क जग्गा उपलब्ध गराउन इच्छुक जग्गादाताले कित्ता नं तथा क्षेत्रफल खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकिय अधिकृत

# होटलमा निजी क्षेत्रको ५ खर्ब लगानी

झापा । पर्यटन क्षेत्रको मुख्य पूर्वाधारमध्येको प्रमुख मानिने होटल तथा रेस्टुराँमा निजी क्षेत्रले ५ खर्ब ४३ अर्ब लगानी गरेको देखिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार सार्वजनिक गरेको होटल तथा रेस्टुराँ सर्वेक्षणको नतिजाले निजी क्षेत्रले होटल, रेस्टुरेन्टलगायत पर्यटकका लागि आवास तथा भोजनसँग सम्बन्धित प्रतिष्ठानमा ५ खर्ब ४३ अर्ब २५ करोड ८२ लाख लगानी भएको देखाएको हो ।यसमा २८ प्रतिशत ऋण तथा लगानी वित्तीय क्षेत्रको छ । यो क्षेत्रले नेपालको अर्थतन्त्रमा करिब १ खर्ब ९ अर्ब २७ करोड १ लाख बराबरको मूल्य अभिवृद्धि गरेको सर्वेक्षणले देखाएको छ । यी प्रतिष्ठानले २ अर्ब १६ अर्ब ७३ करोड मूल्य बराबरको लागत खर्च गरेर ३ खर्ब २६ अर्ब १ करोड मूल्य बराबरको सेवा उत्पादन गरिरहेका छन् । यस क्षेत्रमा सक्रिय भई संलग्न व्यवसायी तथा साझेदार व्यक्तिको संख्या ३ लाख ८७ हजार रहेको राष्ट्रिय तथ्यांक कार्यालयका प्रवक्ता हेमराज रेग्मीले जनाए । यसमा ४४ प्रतिशत लगानीकर्ता महिला छन् भने बाँकी ५६ प्रतिशत पुरुष छन् । यस क्षेत्रमा नियमित रूपमा तलब तथा ज्यालादारीमा कार्यरत कर्मचारी १ लाख ६ हजार हाराहारी रहेको पनि उनको भनाइ छ । कर्मचारीहरूलाई यी प्रतिष्ठानले वार्षिक २० अर्ब ६१ करोड तलब, ज्याला तथा सुविधाबापत उपलब्ध गराएको देखिएको छ ।
देशभर नमुना छनोट विधि र पर्यटन विभागमा दर्ता भएका तारे होटल तथा रिसोर्टमा गणकले यो सर्वेक्षण गरेका थिए । त्यस्तै १० जनाभन्दा वा यो अंकभन्दा बढी जनशक्ति भएका अल्पकालीन आवास क्षेत्र तथा भोजन सेवा उपलब्ध गराउने प्रतिष्ठानलाई सर्वेक्षणमा समेटिएको थियो । जसमा १ लाख ४२ हजार २ सय २३ वटा आवास तथा भोजन सेवा प्रदान गर्ने होटल तथा रेस्टुराँको सर्वेक्षण गरिएको थियो ।
२०७९ साउनदेखि २०८० असारसम्ममा गरिएको सर्वेक्षणले शिक्षण संस्था, स्कुल,

• बाँकी अन्तिम पृष्ठमा

# भट्टराई, अधिकारी र भण्डारीलाई दशक सेवा सम्मान

झापा(प्रस)। साझामञ्च मिडिया प्रालिले झापाका तीनजना सक्रिय पत्रकारहरुलाई 'साझामञ्च दशक सेवा सम्मान' प्रदान गरेको छ ।
साझामञ्च डटकमको १२औं स्थापना दिवस एवम् साझामञ्च मिडिया प्रालिको आठौं र नवौं वार्षिक साधारणसभाको अवसरमा पत्रकार सरोज भट्टराई, उमानाथ भण्डारी र द्रोण अधिकारीलाई नगदसहित कदरपत्र प्रदान गरी सम्मान गरिएको हो ।
जनवरी १ तारिकका दिन बिर्तामोडमा आयोजित विशेष कार्यक्रममा तीनजना पत्रकार हरुलाई कोशी प्रदेशका खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्री एकराज कार्की, बिर्तामोड नगरपालिकाका प्रमुख पवित्रा महतारा प्रसाई र कम्पनीका उपााध्यक्ष खड्गप्रसाद दाहालले जनही ११ हजार १११ रुपैयाँको चेकसहित दोसल्ला ओढाएर कदरपत्र प्रदान गरी सम्मान गरेका हुन् ।
साझामञ्च डटकममा स्थापनाकालदेखि आवद्ध रहेर निरन्तर सेवारत पत्रकारहरुलाई दशक सेवा सम्मान गरिएको यसका प्रधान सम्पादक तथा कम्पनीका कार्यकारी प्रमुख गोपाल काफ्लेले जानकारी दिए ।
सो अवसरमा साझामञ्च मिडिया प्रालिले नेपाल पत्रकार महासंघ झापा, कोशी प्रदेश र केन्द्रका विभिन्न जिम्मेवारीमा नवनिर्वाचित पत्रकारहरुलाई अबिर लगाई खादा ओढाएर बधाई ज्ञापन गरेको छ ।
सो अवसरमा मन्तब्य राख्दै कार्यक्रमका प्रमुख



अतिथि कोशी प्रदेशका मन्त्री कार्कीले वेथिती र अराजकताविरुद्ध मिडिया क्षेत्रले बलियो ढंगबाट कलम चलाउनुपर्ने सुझाएका छन् । तीन दर्जन हाराहारी पत्रकारहरु सहभागी कार्यक्रममा उनले पछिल्लो समय गलत सूचनाका कारण समाजमा निराशा बढाएकोमा चिन्ता पनि व्यक्त गरे ।
केही भएन भन्ने भाष्य निर्माण गरिएको बताउँदै मन्त्री कार्कीले विकास भए नभएको आफ्नै घर अगाडि हेरे पुग्ने प्रतिक्रिया दिए ।
उनले युरोपको विकाससँग तुलना गरेर नहुने धारणा राखेका थिए । प्रदेश सरकारले पर्यटन वर्ष मनाउने र लगानी सम्मेलनको तयारी गरिरहेको जानकारी दिँदै मन्त्री कार्कीले मुलुकलाई सम्बृद्ध बनाउनका लागि जनताको जीवनस्तर उठाउनुपर्ने बताए ।
कार्यक्रममा बिर्तामोड नगरपालिकाका प्रमुख प्रसाईले सञ्चारमाध्यमहरुले तेस्रो आँखाका रुपमा सत्य सूचना प्रवाह गर्नुपर्ने आवश्यकता औंल्याइन् ।
प्रेस काउन्सिल नेपालका सदस्य गणेश पोखरेलले सबै किसिमका सञ्चारमाध्यमहरु मध्ये डिजिटल न्यूजपोर्टल सबैभन्दा छिटो माध्यम भएको र साझामञ्च डटकम कोशी प्रदेशकै पहिलो न्यूजपोर्टल भएकाले यही पोर्टल हेरेर पाठकले आवश्यकता पूर्ति गर्नसक्ने बनाउन सुझाव दिए ।
सो अवसरमा नेपाल पत्रकार महासंघ कोशी प्रदेशका उपाध्यक्ष अम्बिका भण्डारी र झापाका उपाध्यक्ष सुब्रत न्यौपानेले पत्रकारिता क्षेत्रका विविध विषयमा आफ्ना धारणा राख्दै साझामञ्चको स्थापना दिवस र सम्मानित पत्रकारहरुलाई बधाई शुभकामना मन्तव्य राखेका थिए । कम्पनीका उपाध्यक्ष खड्गप्रसाद दाहालको अध्यक्षतामा भएको कार्यक्रममा कम्पनी निर्देशक सुवास भट्टराईले शाब्दिक स्वागत गरेका थिए भने कम्पनीका कार्यकारी निर्देशक तथा साझामञ्च डटकमका प्रधान सम्पादक गोपाल काफ्लेले कार्यक्रमको सहजीकरण गरेका थिए ।

**चिसो मौसममा देखिने स्वास्थ्य समस्याबाट जोगिऔं**

मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयाघातलगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।



**यी रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरू बढी प्रभावित हुन्छन् ।**

- उनीहरूको विशेष ख्याल राखौ ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।

**झापा गाउँपालिकाको कार्यालय**
टाँघनडुब्बा, झापा

# राष्ट्रिय टोपी दिवसमा बिर्तामोडमा प्रभातफेरी

झापा(प्रस) । नेपाली संस्कृति र पहिचानलाई क्यालेन्डर र पात्रोमा सीमित नराखी विद्यार्थीहरुलाई व्यवहारिक ज्ञान दिने उद्धेश्यले बिर्तामोड- ४ स्थित इडन गार्डेन एजुकेशन फाउन्डेसनले राष्ट्रिय टोपी दिवस मनाएको छ । जनवरी १ का दिन मनाइदै आएको टोपी दिवसका अवसरमा विद्यालयले प्रभातफेरी आयोजना गरेको थियो । विद्यालयबाट शुरु भएको प्रभातफेरीले बिर्तामोडको मुक्तिचौक परिक्रमा गरी पुनः विद्यालयमा आएर सभामा परिणत भएको थियो । नेपाली टोपी लगाएका विभिन्न प्लेकार्डसहित विद्यालय पोशाक , सांस्कृतिक पोशाक र एनसीसी ग्रुपमा




विद्यार्थीहरु प्रभातफेरीमा सहभागी भएका थिए । विद्यालयका प्रिन्सिपल मोहन आचार्यको अध्यक्षता तथा विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष समीक्षा सिटौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कक्षा ९ मा अध्ययनरत छात्रा गोमा मैनालीले टोपी दिवसको महत्वबारे प्रकाश पारेकी थिइन् । शिक्षक गीताराम आचार्यले संचालन गरेको कार्यक्रममा स्वागत मन्तव्य शिक्षक कमल अधिकारीले गरेका थिए । आफ्नो पहिचान कायम गर्नका लागि व्यवहारिक ज्ञान दिन इडन गार्डेनले यस किसिमका कार्यक्रम गर्दै आएको छ । शहीद दिवसको अवसरमा पनि विद्यालयले प्रभातफेरी निकालेको थियो । टोपी दिवसको अवसरमा राष्ट्रिय प्रजातन्त्र पार्टी बिर्तामोडको ४ नं वडा समितिले पनि बिर्तामोडमा प्रभातफेरी निकालेको थियो ।

जनवरी १ मा विदेशी नयाँ वर्ष मनाउनुको साटो नेपालीपनको दिन बनाउन टोपी दिवस मनाउनेको संख्या बढ्दै गएको छ ।

# खेल संघ–संस्थालाई दर्ता हुन आह्वान




भद्रपुर(प्रस) । झापा जिल्ला खेलकुद विकास समितिले जिल्लामा क्रियाशील खेल संघ-संस्थाहरुलाई समितिको कार्यालयमा दर्ता तथा आबद्ध हुन आह्वान गरेको छ । कोशी प्रदेश खेलकुद विकास बोर्डले खेलकुद क्षेत्रको विकासका लागि आर्थिक वर्ष ०८१/०८२ मा खेल संघ तथा खेल संस्थाहरुका लागि खेलकुद प्रतियोगिताको आधारमा अनुदान कार्यक्रम घोषणा गरेकोले अनुदान प्राप्तिका लागि सम्बन्धित कार्यालयमा दर्ता तथा आबद्धता हुनुपर्ने प्रावधान अनुसार दर्ता तथा आबद्धताका लागि आह्वान गरिएको झापा जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख विष्णुकुमार नेम्बाङले जानकारी दिए । उनले पत्रपत्रिका, विद्युतीय तथा सामाजिक सञ्जालमा सूचना नै प्रकाशन गरेर दर्ताका लागि आह्वान गरिएको जानकारी दिए ।

कोशी प्रदेश खेलकुद विकास बोर्डले 'खेल संस्थालाई मापदण्डमा आधारित अनुदान सहायता वितरणसम्बन्धी कार्यविधि - २०८१' जारी गरिसकेको छ भने त्यसैको आधारमा शर्तहरु पूरा गर्ने खेल संस्थाहरुलाई अन्तर ष्ट्रियस्तरको खेलकुद प्रतियोगिता सञ्चालनका लागि बढीमा २८ लाख, राष्ट्रियस्तरको लागि बढीमा २० लाख, प्रदेशस्तरको लागि बढीमा १५ लाख, जिल्लास्तरको लागि बढीमा १० लाख र स्थानीयस्तरको खेलकुद प्रतियोगिता सञ्चालनका लागि बढीमा सात लाख रुपैयाँ अनुदान उपलब्ध गराउने निर्णय गरेको बताइएको छ । बोर्डले अनुदानका लागि आवश्यक कागजातसहित १५ दिनभित्र प्रस्ताव पेश गर्न पुष ८ गते सूचना सार्वजनिक गरेको नेम्बाङले बताए ।

खेलकुद क्षेत्रमा निरन्तर क्रियाशील संघ-संस्थाहरुका लागि प्रदेश खेलकुद विकास बोर्डले सार्वजनिक गरेको अनुदान कार्यक्रम एउटा सुनौलो अवसरको रुपमा आएको बताउँदै झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेषराज भण्डारी 'प्रशान्त'-ले यो अवसरको उपयोग गर्न झापाका खेल संघ तथा संस्थाहरुलाई आग्रह गरेका छन् ।

### होटलमा...

कलेज, छात्रावास तथा कार्यालय, मठ मन्दिर, गुम्बा, धर्मशाला तथा सामूहिक आवास गृहभित्र सञ्चालित भोजन तथा आवास गृहलाई सर्वेक्षणको दायरामा राखेको छैन । सडकपेटी, खुला स्थानमा सञ्चालित भोजनसम्बन्धी क्रियाकलापलाई पनि सर्वेक्षणमा समेटेको छैन । स्थायी लगानी (सम्पत्ति) सबैभन्दा धेरै वाग्मतीमा २ खर्ब ४१ अर्ब र सबैभन्दा थोरै कर्णालीमा ११ अर्ब देखिन्छ । वाग्मतीपछि दोस्रो स्थानमा गण्डकीमा १ खर्ब ६ अर्ब ६४ करोड लगानी छ । तेस्रो स्थानमा लुम्बिनीमा ५३ अर्ब लगानी भएको कार्यालयको सर्वेक्षणमा देखिएको छ ।

आवासतर्फ देशभर सञ्चालित तारे होटलदेखि होमस्टेसम्म १ लाख १६ हजार १ सय कोठा रहेको प्रवक्ता रेग्मी बताउँछन् । यिनमा तारे होटलका ८ हजार ४ सय ९६, पर्यटकस्तरीय होटलका १ लाख ७५, रिसोर्टका ३८ सय २९ र होमस्टेका ३७ सय छन् । 'गणकले यी कोठामा कति शय्या छन् भन्ने देखाएका छैनन्,' रेग्मीले भने, 'कतै दुई, कतै योभन्दा बढी पनि बेड हुने भएकाले देशभर पर्यटकका लागि कति शय्या छन् भन्ने सर्वेक्षणमा समेटिएको छैन ।' होटलले बिक्री गर्ने कोठाहरूको मूल्य न्यूनतम १४ सयदेखि पाँचतारे होटलले प्रतिकोठाको बसाइबापत दिनको ६९ सय रुपैयाँ लिने गरेको सर्वेक्षणमा देखिएको छ । नेपालले वार्षिक ३० लाख पर्यटकलाई सेवा दिने क्षमता निजी क्षेत्रको रहेको पर्यटन व्यवसायीले जनाउँदै आएका छन् । सर्वेक्षणले समेटेका सबै होटलमध्ये तारेदेखि पर्यटकीयस्तरका होटलले दिनको १० हजार बेड उपलब्ध गराउने क्षमता राख्ने होटल संघ नेपाल (हान) का अध्यक्ष विनायक शाहले जनाए ।

### शौचालयको...

धनीपुर्जा भएका जग्गाबाहेक सार्वजनिक र ऐलानी जग्गामा उक्त संरचना निर्माण गर्न नमिल्ने कानूनी जटिलता रहेको पनि बताइन् ।

नगरपालिकाले गत साउन १५ गते सार्वजनिक शौचालय निर्माणका लागि जग्गा पहिचान गर्न वडा नम्बर १ का वडाध्यक्ष तथा नगरका प्रवक्ता अग्निप्रसाद पाण्डेको संयोजकत्वमा समिति गठन गरेको थियो । समितिमा वडा नम्बर ५ का वडाध्यक्ष रोहित प्रसाई, वडा नम्बर ४ का वडाअध्यक्ष राहुल शर्मा र अमिन सन्देश दाहाल रहेका थिए ।

जग्गा पहिचान तथा प्राप्ति गर्न नसकेको भन्दै पुष १२ गते बसेको कार्यपालिकाको बैठकमा समितिले प्रतिवेदन पेश गरेको छ । समितिका संयोजक तथा वडा नम्बर १का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले कार्यपालिकालाई जग्गा प्राप्तिका लागि आवश्यक प्रक्रिया अघि बढाउन सुझाब पेश गरेको बताए ।

## पूर्वमेयर शिवाकोटीलाई हिरासतमा राख्न अन्तिम पटक म्याद थप



झापा(प्रस) । घरेलु कामदारको रुपमा राखिएकी १६ वर्षीया नाबालिकालाई जबर जस्ती करणी गरेको आरोपमा पक्राउ परेका बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटीलाई थप चार दिन हिरासतमा राख्न झापा जिल्ला अदालतले अनुमति दिएको छ ।

पाँच दिनको म्याद सकिएर मंगलवार थप म्यादका लागि शिवाकोटीलाई प्रहरीले जिल्ला अदालत लगेको थियो । मंगलवार चार दिनको म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालय झापाकी निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक मेहेगी ल्हामु तामाङले जानकारी दिइन् । शिवाकोटीलाई अनुसन्धान गर्नका लागि प्रहरीले अन्तिम पटक थप म्याद मागेको प्रहरी निरीक्षक तामाङले बताइन् । यसअघि अदालतले शिवाकोटीलाई बलात्कार आरोपमा अनुसन्धान गर्न चार , पाँच , सात र त्यसपछि पाँच गरी २१ दिन हिरासतमा राख्न अनुमति दिएको थियो । मंगलवार चार दिन थपिएपछि प्रहरीले अनुसन्धानका लागि पाउने २५ दिनको म्याद पूरा हुन्छ । चार दिनको म्याद सकिएपछि अब उनलाई सरकारी वकिलको कार्यालयमा बुझाइने प्रहरी निरीक्षक तामाङले बताइन् । 'प्रहरीले गर्नुपर्ने अनुसन्धान लगभग पूरा हुन लागेको छ' उनले भनिन्,' त्यसपछि हामी सरकारी वकिल कार्यालयलाई जिम्मा दिन्छौं ।' इलाका प्रहरी कार्यालय बिर्तामोडले शिवाकोटीलाई गत मंसिर २५ गते पक्राउ गरेको हो ।

## डिल्लीराजले...

पोखेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कलाम शेखको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलिया रहेकी थिइन् । कार्यक्रममा शिक्षा शाखा प्रमुख जीवनप्रसाद ढकाल , शिक्षक महासंघ झापा गापाका अध्यक्ष जगन्नाथ राजवंशी , शिक्षक संघ झापा गापा अध्यक्ष टिका कट्टेल , कुमरखोद रेडक्रसका पूर्व सभापति सुन्दरलाल गणेशलगायतले शुभकामना मन्तव्य राखेका थिए । उक्त कार्यक्रममा जग्गादाताका छोरा गणितप्रसाद गणेश , झापा गाउँपालिका लायन्स क्लवका अध्यक्ष जयनारायण शाह , विभिन्न विद्यालयका प्रधानाध्यापकहरु , अभिभावकहरुको उपस्थिति रहेको थियो । शिक्षक गोविन्द राजवंशीले स्वागत गरेको कार्यक्रममा संचालन शिक्षक लोचन यादव र रविन्द्र मैनालीले गरेका थिए ।


## बिमालेख हरायो

बाह्रदशी गाउँपालिका निवासी विवेक राजवंशीको नाममा रहेको लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल लि.को २०००२०६३३ नम्बरको पोलिसी पेपर राजगढबाट बिर्तामोड जाने क्रममा २०८१/०८/०५ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु होला ।

**सम्पर्क : विवेक राजवंशी**
**ठेगाना: बाह्रदशी-२, झापा**
**मो: ९८०१५९२५२४०**

## बिमालेख हरायो

बाह्रदशी गाउँपालिका निवासी अम्बिकादेवी अधिकारीको नाममा रहेको लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल लि.को २००००१८७८ नम्बरको पोलिसी पेपर राजगढबाट चन्द्रगढी जाने क्रममा २०८१/०७/२९ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु होला ।

**सम्पर्क : अम्बिकादेवी अधिकारी**
**ठेगाना: बाह्रदशी-३, झापा**
**मो: ९८४२६२५५४०**

## बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
बिर्तामोड -५ झापाको

## वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको २२ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा यस सम्बन्धी पत्र सम्पूर्ण सदस्यहरुलाई पठाई सकिएको छ । यदि कारणवश पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी सम्पूर्ण **साधारणसभाका प्रतिनिधि सदस्यज्यू**हरुलाई उपस्थितिका लागि सादर निमन्त्रणा गर्दछौं ।

**निम्न**
**मिति : २०८१ पौष १८ गते विहीवार**
**समय : विहान ११:०० बजे**
**स्थान : संस्थाको कार्यालय भवन १ नं. टेंकी, बिर्तामोड ५, झापा**

**पारस मैनाली**
**सचिव**

**मेघराज बाँस्तोला**
**अध्यक्ष**

## श्री माँ लक्ष्मी वचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड–४, झापा

## साधारण सभा सम्वन्धी सूचना
प्रकाशित मिति २०८१/०९/१८

यस माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडको मिति २०८१/०८/०१ गते शनिबार बसेको संचालक समितिको बैठकले निर्णय गरेअनुसार निम्न लिखित मिति, समय र स्थानमा यस संस्थाको १६ औं वार्षिक साधारण सभामा यहाँहरुलाई अनिवार्य उपस्थितिको लागि पत्राचार गरिएको छ। केही कारणवश पत्र प्राप्त नभएमा यसै पत्रलाई आधार मानी साधारण सभामा प्रतिनिधित्व गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

साधारण सभा शुरु हुने समय र स्थान २०८१/०९/२२ गते सोमबार/ अतिथि सदन, बिर्तामोड (बिहान १०:३० बजेबाट)

**साधारण सभामा छलफल हुने विषयहरु:**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा
२) संस्थाको आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा
३) संस्थाको आ.व. २०८०/०८१ को लेखा समितिको प्रतिवेदन प्रस्तुत एवं छलफल गरी पारित गर्ने सम्बन्धमा
४) संस्थाको आ.व. २०८१/०८२ को लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक तय गर्ने सम्बन्धमा
५) संस्थाको विनियम संशोधन/पुनःलेखन, नीति तथा कार्यविधि संशोधन/पुनःलेखन, वार्षिक कार्यक्रम तथा बजेट माधि छलफल गरी पारित गर्ने सम्बन्धमा
६) जग्गा खरिद तथा विक्री गर्ने सम्बन्धमा
३) सहकारी संस्थासँग एकीकरण (मर्ज) गर्ने सम्बन्धमा
८) सेवाकेन्द्र खोल्ने सम्बन्धमा
९) आ.व. २०८०/०८१ को साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गरी निर्णयको लागि संचालक समिति तथा लागि शेयर सदस्य प्रतिनिधि चयन गर्ने सम्बन्धमा
१०) विविध

नोट : यस संस्थाका शेयर सदस्यका छोरा/छोरीमध्ये एसईईमा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुने निजी तथा सरकारी विद्यालयबाट एक/एक जना छात्र/छात्रालाई साधारण सभाको दिन सम्मान गरिने भएको हुँदा विद्यार्थीको लब्धांकपत्र र निवेदनसहित संस्थामा २०८१/०९/१८ गतेसम्म सम्पर्क गर्न अनुरोध गरिन्छ।

**अध्यक्ष**
**देवेन्द्र कुमार सिंह**
**फोन – ०२३-५३२२३२**




## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, मोरङ जिल्ला, कटहरी गाउँपालिका वडा नं.-२ मा बस्ने श्री मुरलीधर डांगाका छोरा, सारिका केशरी डांगाका पति, श्री इन्द्रचन डांगाको मिति वि.सं.२०८०/१०/२० गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय बिराटनगरमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती सारिका केशरी डांगाले मिति वि.सं.२०८१/०९/१२ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### शीतलहरबाट जोगिऔं

**चिसोको हिसावले पुस महिना फासफुस र माघ महिना बाघ हो तर यी महिना नआउदै चिसोले दर्जनौंको ज्यान अस्पतालमा भर्ना भएका छन् भने पुष माघमा झन् कति पीडित र मृत्यु हुने हुन् ?**

**यथार्थमा चिसो प्राकृतिक कालचक्रको स्वाभाविक देन हो । जाडो याममा हुस्सु लाग्नु, शीतलहर चल्नु अस्वाभाविक होइन तर शीतलहर र अत्यधिक जाडोका कारण कठ्यांग्रिएर मानिसहरूको मृत्यु हुनु दुःखलाग्दो विषय हो । शीतलहर केही समयको मौसमी स्थिति भनेर मौन रहनु हुदैन, यसले कृषि व्यवसायलाई क्षति, पशुपंक्षीको मृत्यु, विद्यालयको पठनपाठन स्थगित र मानिसको मृत्यु हुन थालेको तथा धेरै मानिसहरु विरामी हुन थालेका छन् जुन सम्वेदनशील विषय हो । जाडो निरन्तर बढ्दैछ । जब चिसो शुरु हुन्छ तब हुने र नहुने, धनी र गरिब, कमजोर र बलियो व्यक्ति स्पष्ट देखिन थाल्दछ ।**

**सरसर्ती हेर्दा हुनेखानेको जीवनमा सामान्य प्रभाव तथा एकसरो लुगा समेत राम्रोसँग लाउन नपाउने गरिब जनता त्यसैमा अझ बुढाबुढी बालबालिका र महिला वर्गका लागि चिसो अभिशाप बन्दछ । अधिकांश समय गर्मी हुने भएकोले जाडोको लागि जोहो गरिदैन, दैनिक ज्याला मजदुरी गरेर छाक टार्नेहरुसँग नयाँ लुगा किन्ने क्षमता हुँदैन, भएको एकशरो लुगा पनि सितलहरले चिसो हुने, घाम नलागी नसुक्ने तथा ज्याला मजदुरी गर्ने अवसर कम भई खानपान र न्यानो लुगा तथा वातावरण कोरा कल्पना बन्दछ ।**

**मौसम परिवर्तन संगै मानिसहरुमा विभिन्न संक्रमण हुने गर्दछन । चिसो मौषममा जीवन शैली ठिकठाकसंग चलेन भने स्वास्थ्य खराब हुन सक्छ । चिसोको मौषममा रुघा खोकी, स्वास सम्बन्धी समस्या, घाँटी, आँखा नाक र कान र छालामा संक्रमण भई दुख झेल्नु पर्छ ।**

**चिकित्सकहरुका अनुसार चिसो मौसममा विहान मर्निङ वाक गर्नु हानिकारक हुन्छ । सूर्योदय हुन अघि मौषम ओसिलो हुन्छ । उक्त समयमा फुलका पराग कणहरु हावाको ओसिलो पनाका कारण जमेर बसेका हुन्छन तीनै कणले हाम्रो छालालाई हानी पर्याउछन । त्यसकारण सूर्योदय पछि मात्र मर्निङ वाक गर्दा राम्रो हुन्छ ।**




# प्रशासनिक सुदृढीकरण र जवाफदेहिता



• रघुराम पराजुली

मूलतः राजनीतिक सुदृढीकरणबाट आमनागरिकमा सुशासन, प्रत्याभूत गर्न सकिन्छ । राजनीतिको उपप्रणालीको रूपमा रहेको सार्वजनिक प्रशासनको सुदृढिकरणबिना नागरिकमा सुशासन, विकास र सकारात्मक सोच तथा परिवर्तनको अनुभूति गराउन कठिन हुन्छ । जहाँ सरकारी कामकारबाही पारदर्शी र वस्तुनिष्ठ बन्छन् अनि नागरिक सचेत र सजग बन्छन्, तहाँ सरकार अनि समाज सुशासित बन्छ । जहाँ स्पष्ट अधिकार र जिम्मेवारीको स्पष्ट विभाजन हुन्छ, तहाँ उत्तरदायित्व वहन प्रभावकारी हुन्छ । भ्रष्टाचार तथा सुशासनसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय अध्ययन तथा प्रतिवेदनले नेपालमा सुशासन तथा जवाफदेहितामा देखिएका कमजोर सूचकाङ्कबाट नेपालको अवस्था खस्किँदो देखिन्छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनबाट नेपाल भ्रष्टाचार हुने मुलुकको पङ्क्तिमा नै रहेको देखिन्छ । सन् २०२१ मा ११७ औं, सन् २०२२ मा ११० औं र सन् २०२३ मा ३५ अङ्कसहित १०८ औं स्थानमा रहेको छ । केही मात्रामा सुधार आएको भए पनि ५० अङ्कभन्दा कम अङ्क प्राप्त गर्ने मुलुक भ्रष्टाचार भएको मुलुकको रूपमा नै ठहरिन्छन् । यी तथ्याङ्कबाट नेपालले खुसी व्यक्त गर्ने ठाउँ देखिँदैन । शासकीय परिवर्तन भए पनि कार्यशैली र मनोवृत्तिमा परिवर्तन आउन सकेको छैन । संविधानको कार्यान्वयनसँगै प्रशासनिक संघीयकरणका लागि अत्यावश्यक सङ्घीय निजामती सेवा ऐनलगायतका विभिन्न क्षेत्रगत कानुन अझै बन्न सकिरहेका छैनन् । यसो हुनुमा कमजोरी कुन पक्षको हो, जवाफदेही कुन कुन पक्षले के कसरी बन्नुपर्ने हो भन्नेमा कुनै तत्परता देखिँदैन । समयमै कानुन नबनिदिँदा प्रदेश तथा स्थानीय सरकारले आआफ्ना अधिकार क्षेत्रमा समेत स्पष्ट ढङ्गबाट कानुन बनाउन सकेका छैनन् भने कतिपय सरकारले बनाएका कानुन पनि विवादस्पद बनेका छन् ।

विकास, समृद्धि र सुशासन अभिवृद्धिका लागि सरकारका बहुपात्रको भूमिका भए पनि सार्वजनिक प्रशासनको श्रेष्ठ भूमिका रहन्छ । सरकारलाई नीति निर्माणमा प्राविधिक सहयोग गर्ने र सरकारले निर्माण गरेका सबै नीतिको कार्यान्वयन गर्ने जिम्मेवारी प्रशासन संयन्त्रको हो । नागरिकको सरकारप्रति विश्वास कायम गर्न सेवा प्रदायकमा तटस्थ, निष्पक्ष, सहज, सरल र निस्वार्थ सेवाभाव हुनु जरुरी छ । सरकारले नागरिकलाई विभिन्न सार्वजनिक सेवाहरू प्रदान गर्नका लागि आवश्यक ज्ञान, सिप, अनुभव, विज्ञता, दक्षता, आचरण एवं दायित्वबोध गरी व्यावसायिक दायित्व पूरा गर्नु पर्छ ।

संविधानको धारा ५१ मा राज्यका नीति अन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख छ । यस नीतिको मर्मबमोजिम सार्वजनिक प्रशासनमा व्यावसायिकता र सृजनशीलताको निरन्तर सञ्चार भइ विकास र समृद्धिको नतिजा अनुभूति गराउनु टड्कारो आवश्यकता छ । यस्तै सुशासन ऐन २०६४ ले व्यवस्था गरेका सार्वजनिक सुनुवाइ, घुम्ती सेवा, नागरिक बडापत्र, शासकीय एकाइको स्थापना हरेक मन्त्रालयमा गर्ने, गुनासा सुनुवाइ जस्ता प्रावधानको कार्यान्वयनमा प्रभावकारिता देखिँदैन ।

सुशासन भनेको असल शासन हो । जहाँ नागरिकले खोजेको र रोजेको सेवा सुविधा कानुनी तवरले ग्रहण गर्न सक्छन् र सरकारको सारथि बनेर नीति नियम तथा विकासका आयोजना कार्यान्वयन गर्नमा नागरिक बाधक होइन कि साधक बन्छन् । यसका लागि भ्रष्टाचारजन्य कार्य निरुत्साहित हुनु पर्छ, काम गर्ने योद्धाहरू आचरणवान र जवाफदेही हुनु पर्छ । विश्व बैङ्कले जनताको आवाज र उत्तरदायित्व, राजनीतिक स्थिरता र हिंसाको अन्त्य, सरकारको प्रभावकारिता, नियमन गुण, विधिको शासन र भ्रष्टाचार नियन्त्रण गरी सुशासनको मूल्याङ्कनका लागि छ वटा सूचकको विकास गरेको छ ।

सरकार र नागरिकबिचको सम्बन्ध सेतुको रूपमा रहेको सार्वजनिक प्रशासन थप व्यावसायिक, सदाचारी, नैतिकवान्, ऊर्जावान् र सृजनशील हुनु जरुरी छ । मुलुकको संघीय शासन प्रणालीलाई नागरिकमा अनुभूति हुने गरी व्यावहारिक कार्यान्वयन गराउने अहम् भूमिका समग्र सार्वजनिक प्रशासनको रहेको छ । यसमा पनि सार्वजनिक प्रशासनको मियोको रूपमा रहेको निजामती सेवामा बहुआयामिक रूपान्तरणको आवश्यकता छ । बदलिँदो शासकीय स्वरूपलाई सही कार्यदिशा दिनका लागि समग्र प्रशासन व्यावसायिक र सृजनशील बन्न सक्नु पर्छ । अहिले विकसित प्रविधि सृजित चुनौतीहरू सामना गर्न ठुला चुनौती रहेका छन् । यसका लागि सूचना प्रविधिको अधिकतम उपयोग गर्न सक्नु पर्छ । 'आर्टिफिसियल र इमोसनल इन्टेलिजेन्स' लाई सँगसँगै समन्वयात्मक ढङ्गबाट अङ्गीकार गर्न सकियो भने प्रशासनमा व्यावसायिकता पनि हुन्छ र सृजनशीलताले पनि स्थान पाउँछ ।


बदलिँदो राजनीतिक परिवेश सृजित संघीय शासन प्रणालीबाट नागरिकले अपेक्षा गरेबमोजिम प्रशासनिक सेवा प्रवाहलाई व्यावहारिक अनुभूति हुने गरी प्रभावकारी बनाउनका लागि सार्वजनिक प्रशासनको व्यावसायिकता र सृजनशीलताको अपरिहार्यता छ । प्रशासनलाई व्यावसायीकरण बनाउनका लागि सेवा प्रदायकहरू सेवाग्राहीप्रति जिम्मेवार र जवाफदेही हुनु पर्छ र कार्यसम्पादनमा अनियमितता एवं ढिलासुस्ती गर्नु हुँदैन । सार्वजनिक सेवा प्रदायकहरूमा कानुनको पालना, राजनीतिक तटस्थता, स्वच्छ, प्रभावकारी सेवा प्रवाह, सृजनशीलता, सदाचारिता र इमानदारिता जस्ता गुणहरू हुनु पर्छ । सार्वजनिक प्रशासनलाई समयानुकूल थप व्यावसायिक र सृजनशील बनाउन आवश्यक नीतिगत, संरचनागत तथा आचरणगत सिर्जना एवं रूपान्तरण गर्नु पर्छ । जसबाट दिगो विकास लक्ष्य, आवधिक योजना तथा वार्षिक कार्यक्रमले अपेक्षा गरेका लक्ष्यहरू प्रभावकारी ढङ्गले हासिल गर्न टेवा पुगोस्, सार्वजनिक प्रशासन, तिनै तहका सरकार तथा सिङ्गो नेपाल राज्यप्रति नागरिकहरूको हेराइ बुझाइ र अनुभूति सकारात्मक बनोस् अनि मुलुक समृद्ध र नेपाली खुसी बन्ने उत्प्रेरणा जागोस् ।

नागरिकको अनुभूतिको सूचक बन्नु पर्छ सुशासन न कि ओठे प्रतिबद्धतामा सीमित । मुलुक संघीयतामा अभ्यास गरेसँगै तिनै तहका शासकीय एकाइमा सुशासन र उत्तरदायित्वको व्यावहारिक अनुभूति र बोध हुनु अपरिहार्य छ । तीन तहका सरकारमध्ये पनि स्थानीय तहहरू सुशासनका केन्द्र बन्नु आवश्यक छ । स्थानीय तह भनेका जनताका सबैभन्दा नजिकका सरकार हुन्, यी सरकारले गर्ने सेवा प्रवाहका असल अभ्यास, नागरिकको अर्थपूर्ण सहभागिता, अपनत्वबोध र सक्रियताले नागरिक र सरकारको सम्बन्ध निर्देश गर्छ । उसो त संघ सरकार र प्रदेश सरकार पनि आफ्नो क्षेत्राधिकारमा रही असल अभिभावकीय भूमिका निर्वाह गर्दै मुलुकले अपेक्षा गरेको समृद्ध नेपाल, सुखी नेपाली दीर्घकालीन लक्ष्य हासिल गर्नमा दत्तचित्त लाग्नै पर्छ । तब मात्र संविधान अनि संघीयताको अपेक्षाले सार्थक सफलता हात पार्न सफल हुने छ । मुलुकमा सुशासन कायम गर्नमा जवाफदेहिता जरुरी छ । मुख्य जवाफदेहिता राजनीतिक प्रणालीले लिनु पर्छ भने असल राजनीतिक अभ्यासको अनुकरण गरी सरकारका नीति तथा योजनाको प्रभावकारी कार्यान्वयन गरी विकास र समृद्धिमा डोऱ्याउने कार्यमा लाग्नु कर्मचारीतन्त्रको जवाफदेहिता पनि बिर्सनु हुँदैन । विगतमा भन्दा सेवा प्रवाह, विकास निर्माण र जिम्मेवारी वहनमा प्रभावकारिता आउँदा मात्र नागरिक विश्वास आर्जन गर्न सकिन्छ ।

# सार्वजनिक प्रशासनमा कार्यसंस्कृति



• विष्णुकुमारी लामिछाने



आमनागरिकको दैनिकीसँग जोडिएको सार्वजनिक प्रशासनलाई कामयाबी बनाई राज्यइच्छा पूरा गर्ने संयन्त्र नै कर्मचारीतन्त्र हो । सेवा प्रवाह र विकास निर्माणलाई गति प्रदान गर्दै प्रशासनलाई जीवन्त राख्ने महत्वपूर्ण भूमिका भएको कर्मचारीतन्त्रले नागरिक एवं राजनीतिक तहबाट सधैँ आरोप प्रत्यारोप खेपिरहेको छ, यसको मुख्य कारण प्रशासनमा सक्रिय भई काम गर्ने संस्कार विकास नहुनु नै हो । यसर्थ सुधारका सर्वपक्षीय प्रयत्नसहित सार्वजनिक प्रशासनमा रहेका विचलनलाई हटाउँदै कार्यसंस्कृतिको विकासमा अग्रसर भइ लाग्नुपर्ने देखिन्छ ।

सार्वजनिक प्रशासनमा बढ्दै गइरहेको विकृति र घट्दै गएको सुशासनका कारण कामको सम्मान गर्ने, वास्तविक मूल्याङ्कन गर्ने र निरन्तर क्रियाशील भइरहने संस्कारको विकास हुन सकेको छैन । अनुमानयोग्य वृत्ति प्रणाली, व्यवस्थित सरुवा, जिम्मेवारीप्रति स्वायत्तता, स्पष्ट उत्तरदायित्व, सुशासनको प्रत्याभूति, उत्प्रेरित वातावरण, समान र सम्मानजनक परिवेश, पर्याप्त तलब सुविधा एवं अवसर वितरणमा समन्याय जस्ता मूल्यमान्यता नै कार्यसंस्कृतिको पूर्वाधार हुन् । यी पूर्वाधारको अभावमा कर्मचारी प्रशासनलाई न चलायमान बनाउन सकिन्छ न त इमानदार रूपमा समर्पित भई सेवा गर्ने भाव जगाउन सकिन्छ । त्यसैले कार्यसंस्कृति विकासको लागि राजनीतिक पात्रको स्वअनुशासन र प्रतिबद्धता, नेतृत्व तहमा रहने कर्मचारीको दृढसङ्कल्प, नागरिक समाजको जागरुकता र मिडियाको खबरदारी आवश्यक हुन्छ ।

नेपालको संविधानले धारा ५१ (ख) ४ मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, पारदर्शी, जनउत्तरदायी, भ्रष्टाचारमुक्त र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख गरेको छ । धारा २८५ मा देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाको गठन गर्न सक्ने, त्यस्ता सेवाको गठन, सञ्चालन र सेवाका सर्त संघीय ऐनबमोजिम हुने व्यवस्था रहेको छ । त्यसै गरी धारा ३०२ मा प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने उल्लेख गरिएको छ । संविधान कार्यान्वयनको यात्राले करिब दशक पार गर्न लाग्दासमेत समायोजनको आंशिक कार्यबाहेक सरकारले प्रशासनिक संघीयतामा ध्यान दिन सकेको छैन ।

संघीय शासन प्रणालीमा प्रवेश गरेसँगै सार्वजनिक प्रशासनको छवि उँचो पार्ने निकै ठुलो अवसर हामीसामु थियो । समयमै कानुन निर्माण गरी प्रशासनलाई व्यवस्थित बनाउनुपर्नेमा भइरहेको व्यवस्थामा समेत झनै गिरावट आइरहेको छ । संघीय कानुन नबनिकन प्रादेशिक कानुनबाट चलायमान उपराष्ट्रिय तहका कर्मचारीको वृत्ति प्रणालीमा अन्योलता थपिएको छ । पुरानै केन्द्रीकृत कामचलाउ कानुनले नयाँ संघीय संरचनामा बनेका प्रादेशिक कानुनलाई चिन्न सकेको छैन । राजनीतिक परिवेशमा समायोजितबाहेक अधिकांश कर्मचारीमा जिम्मेवारी वहनका लागि उत्साहप्रद ढङ्गले कार्यसम्पादन गर्ने जोस जाँगर मर्दै गएको देखिन्छ । सेवा, सुविधा, सहजता र अवसरको केन्द्र मानिने संघमा पदाधिकार हुन चाहने होड र कानुनी अन्योलताले राम्रै स्थान छ । प्रदेश र स्थानीय सेवालाई आकर्षणका केन्द्र बनाउन सकिएको छैन ।

राजनीतिक र वित्तीय संघीयता जत्तिकै महत्वपूर्ण पाटोको रूपमा रहेको प्रशासनिक संघीयतालाई व्यवस्थित बनाउँदै जानुपर्नेमा राजनीतिज्ञहरू प्रतिबद्ध भई तदारुकता नदेखाउँदा प्रशासनको चालक मानिने कर्मचारीतन्त्रमा कार्यसंस्कृतिको विकास हुन सकेको छैन । राजनीतिलाई राज्यको मस्तिष्क मानिन्छ, यसमा संलग्न पात्रहरूको शासकीय अभ्यास र शैलीको प्रत्यक्ष असर सार्वजनिक प्रशासनमा पर्ने भएको हुँदा राजनीतिक तहमा सुशासन विकास गर्न सकेमा मात्र राज्यका अन्य संयन्त्रमा असल संस्कारको विकास गर्न सकिन्छ । कर्मचारीको लागि सेवा सुविधा, सजाय र पुरस्कार, जिम्मेवारी प्रदान एवं सरुवालगायतका विषयमा राजनीतिक हस्तक्षेप गर्ने, प्रभाव पार्ने र अनुचित कार्यका लागि दबाब दिने पद्धति भएकै कारण प्रशासनिक पात्रहरू संस्थामा दोहनकारी भूमिकामा स्थापित हुने संस्कार बढ्दै जाँदा सार्वजनिक कार्यमा सङ्गति ल्याउने, प्रतिस्पर्धी भावना जगाउने, सेवाभाव अभिवृद्धि गराउने तथा सार्वजनिक सम्पत्तिको अधिकतम परिचालन गर्ने जस्ता विषय ओझेलमा पर्दै गएका छन् ।

असल कार्यसंस्कृति संस्थागत हुन नसक्नुमा राजनीतिक इच्छाशक्तिको अभाव मात्र होइन प्रशासनका नेतृत्व तहका पदाधिकारीको तदारुकता नहुनु पनि उत्तिकै जिम्मेवार देखिन्छ । नीतिभन्दा राजनीतिक दलप्रति उत्तरदायी, प्रतिबद्धता र जिम्मेवारीको अभाव, नैतिकता र आचरणयुक्त संस्कृति नहुनु, सृजनशीलता र नवप्रवर्तनको स्थान अभाव, ढिलो प्रतिक्रिया देखाउने मनोवृत्ति, लागत, गुणस्तर र परिणामप्रतिको न्यून संवेदनशीलता, सेवाग्राहीमैत्री सेवामा तत्परता र अध्ययन अनुसन्धानको कमी जस्ता विविध पक्षले गर्दा सार्वजनिक प्रशासन काम चलाउ संयन्त्रको रूपमा विकसित हुँदै गएको छ । नगण्य प्रशासकले गरेका सुधारका प्रयत्नहरू पनि निजहरूको स्थानान्तरणसँगै बिलाउने वातावरणको सिर्जना हुँदा नवप्रवेशी कर्मचारीमा समेत नकारात्मक सामाजिकीकरणको प्रभाव पर्दै गएको छ ।

सेवा प्रवाहमा सहजता ल्याउन प्रविधिको उपयोगसँगै एकीकृत तथ्याङ्क प्रणालीको विकास एवं अन्तरनिकाय विस्तार गर्न नसक्दा भोलिवादको संस्कृति मौलाउँदै गएको छ । सेवाप्रदायक मात्र होइन सेवाग्राही समेत प्रक्रियागत झन्झट खेप्न बाध्य भइरहेका छन्, यसले नागरिकप्रतिको विश्वासमा कमी हुन गई 'शङ्काको घेरामा सेवा' भन्ने उक्ति चरितार्थ भएको छ । सेवाग्राहीले सेवा प्राप्तिमा सहजता ल्याउन कर्मचारीलाई अनुचित प्रलोभनमा पार्ने, सरकारी काम यस्तै त हो भन्ने मनोवृत्ति फैलाइरहने, पद्धति वा प्रणालीमा रहेर भन्दा द्रुत गतिमा गैरकानुनी तवरले लाभ लिन खोज्ने, सरकारी सम्पत्तिको संरक्षणभन्दा दुरुपयोगमा कानुनी छिद्रहरू खोज्ने नागरिकको प्रवृत्तिले पनि कर्मचारीमा कर्मको क्षयीकरण हुँदै गएको छ । यसको साथसाथै वास्तविक र तथ्यपरक खोजी, सम्प्रेषण एवं सुधारका लागि खबरदारी गर्नुपर्ने नैतिक दायित्व बोकेका मिडियामा राजनीतिक खिया लाग्दा पनि कर्मचारीतन्त्र क्रियाशील बन्न सकेको छैन ।

कामप्रतिको लगाव अभिवृद्धि गर्दै दक्ष, व्यावसायिक र प्रतिबद्ध कर्मचारीतन्त्रको विकास गर्न सर्वपक्षीय जागरुकताको खाँचो छ । संघीयताको मूल मर्मलाई आत्मसात् गर्दै तीनै तहका सरकारबिच समन्वय र सहकार्यमार्फत प्रशासनमा कामको मूल्य सिर्जना गर्ने स्वचालित प्रणालीको विकास गर्न विलम्ब गर्नु हुँदैन । कार्यसंस्कृतिका निर्धारक तत्वहरू नेतृत्व शैली, सङ्गठनका मूल्य, लचकता, सञ्चार, समूह कार्य, पुरस्कार र उत्प्रेरणा तथा नवप्रवर्तनमा क्रमिक रूपले सकारात्मक परिवर्तन गरी सार्वजनिक प्रशासनको साख विस्तार गर्दै जानु पर्छ । संस्कृति परिवर्तनका लागि उत्प्रेरित नेतृत्व, व्यवस्थापकीय कौशल एवं अधिकारको समुचित उपयोग जस्ता औजारको प्रयोग गर्नु पर्छ ।

कर्मचारीलाई जागरुक बनाउँदै कार्यसम्पादनप्रति जवाफदेहिता अभिवृद्धि गर्नका लागि सेवाको निर्माण एवं सेवा मूल्याङ्कनमा नागरिक सहभागिता बढाउँदै जानुपर्ने हुन्छ । पाकिस्तानको 'सिटिजन्स फिडब्याक मनिटरिङ प्रोग्राम' अर्थात् नागरिक पृष्ठपोषण अनुगमन कार्यक्रम जस्तै प्रशासनिक गतिविधिमा नागरिक संलग्नताले कमीकमजोरी सुधार गर्दै सेवाग्राहीमैत्री सेवा प्रवाह र विकास निर्माणमा सहयोग पुऱ्याउँछ । कर्मचारीको आचरण, प्रवृत्ति, नियत र व्यवहारमा सुधार गर्दै कार्यमुखी, संवेदनशील एवं जिम्मेवारी पूरा गर्ने संस्कारको विकास गर्नसमेत मद्दत पुग्छ । यसका लागि प्रशासन नागरिक संवाद, सेवा प्रवाहको नागरिक मूल्याङ्कन, प्रशासन समुदाय सहकार्य जस्ता विधि अवलम्बन गर्न सकिन्छ ।

आखिर सुधारको विकल्प सुधार नै हो । सार्वजनिक प्रशासनमा देखा परेका बेथिति रोक्दै कार्यमूलक संस्कार विकास गर्न नीतिगत सुधार, उत्प्रेरणा र पुरस्कार प्रणाली, वस्तुनिष्ठ मूल्याङ्कन, ज्ञान आदानप्रदान प्रणाली, समस्या समाधान संयन्त्र, नेतृत्व विकास कार्यक्रमलगायत प्रविधि र नवप्रवर्तनमा जोड दिनुपर्ने हुन्छ । संरचनागत सुधारमा मात्र ध्यान दिँदा प्रशासनिक पछौटेपनले निरन्तरता पाइनै रहने भएकाले नैतिक मूल्य, त्याग, समर्पण, अध्यात्म, उत्प्रेरणा जस्ता मानवीय पक्षहरूमा समेत ध्यान दिँदै पदीय अग्रसरता देखाउने, बिग्रेको छबि सुधार गरी पुनर्जीवन दिने जिम्मेवार र कर्मशील कर्मचारीतन्त्र निर्माणमा जुट्नु अपरिहार्य छ ।

# डिल्लीराजले मनायो स्मृति दिवस र वार्षिकोत्सव

कुमरखोद,पुष १७ । झापा गाउँपालिका वडा नं ४ मा रहेको डिल्लीराज माध्यमिक विद्यालयले विद्यालयका संस्थापक स्व. डिल्लीराज गणेशको ३५औं स्मृति दिवस तथा ६१ औं वार्षिकोत्सव मनाएको छ ।

पुरानो सदरमुकामले चिनिने झापा बजारदेखि ५०० मिटर पूर्वमा डिल्लीराज मावि रहेको छ । २०१९ सालमा अहिलेको झापा गाउँपालिका (कुमरखोद , टाँघनडुब्बा र शरणामती )मा त्यतिवेला माध्यमिक विद्यालय थिएन । प्राथमिक विद्यालयहरु मात्रै थिए । शिक्षाप्रेमी संस्थापक स्व. डिल्लीराज गणेशले २०२० सालमा आफ्नै लगानीमा विद्यालयको लागि १० कोठे पक्की भवन र छात्रावास निर्माण गरी विद्यालय संचालनको लागि १० विगाह जग्गा दान दिएका थिए । स्व.गणेशको यस महान कार्यबाट अभिप्रेरित भई स्व. कमलदेवी अग्रवाल , स्व. भैयालाल गणेश , स्व. बाबुलाल अग्रवाल , स्व. नारायण गणेश , स्व. जंजालु राजवंशी, स्व खड्गधारी गणेश , स्व.सत्यनारायण गणेश , स्व.पानालाल हलवाई , स्व. रामलाल राजवंशी , स्व. पल्टन गणेश , स्व. ठाकुरकुमार श्रेष्ठ र टुकुरु गणेशलगायतका दाताले विद्यालयलाई जग्गा दान दिएका थिए ।

अहिले यस विद्यालयमा कक्षा १ देखि १२ सम्मको अध्ययन हुने गरेको छ भने अंग्रेजी र नेपाली दुवै माध्यममा कुल १ हजार १ सय ५५ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । त्यस्तै शिक्षक र कर्मचारी गरी ३४ जना कार्यरत रहेको निमित्त प्रधानाध्यापक गोपीप्रसाद पराजुलीले बताए । पराजुलीले विद्यालयले सुधार गरेको शैक्षिक गुणस्तर , विद्यालयमा विद्यमान देखा परेका भौतिक समस्या , विद्यार्थीहरु नियमित विद्यालय नआउने समस्याका वारेमा जानकारी दिएका थिए ।

त्यसैगरी अभिभावक शिक्षक संघ अध्यक्ष साजेमान शेखले २०७५ सालमा नमुना विद्यालय बनेपछि विद्यालयले अहिलेसम्म हिसाव किताव सार्वजनिक नगरेको , करोडौं रुपैयाँको भवनहरु बनेपनि के कतिमा बन्यो भनेर अहिलेसम्म हिसाव किताव नदेखाएको गुनासो

• बाँकी अन्तिम पृष्ठमा

# वर्ष २०२४ मा फिल्म क्षेत्रमा जाग्यो आशा

झापा । सन् २०२४ मा भने नेपाली फिल्म क्षेत्रका निम्ति अपवादको वर्ष बनेर आयो । विगतका वर्षहरुको पाना पल्टाउने हो भने नेपाली फिल्म क्षेत्रमा एकाधबाहेक धैरै फिल्मले असफलता बेहोर्थे । तर सन् २०२४ मा भने नेपाली फिल्म क्षेत्रका लागि अपवादको वर्ष बनेर आयो । एकपछि अर्को गर्दै फिल्महरु हाउसफुल मात्रै भएनन् केहीले त सय करोड हाराहारीको ब्यापार गर्न पनि सफल भए ।

फिल्म क्षेत्रका लागि २०२४ को सुरुवात उत्साहजनक थिएन् । तर वर्षको पुछारसम्म आइपुग्दा फिल्म क्षेत्रमा बहार नै छायो ।

प्रदीप भट्टराई निर्देशित फिल्म 'महाजात्रा'देखि पछिल्लो बहुचर्चित सरोज पौडेल निर्देशित फिल्म 'पूर्ण बहादुरको सारङ्गी'सम्म आइपुग्दा दर्शकहरूले सजिलै प्रक्षेपण गरिरहेका छन्, 'नेपाली फिल्म सय करोड क्लबको नजिक छ ।' किनकि यो फिल्मले नेपालमा मात्रै ५० करोड हाराहारीको व्यापार गरेको थियो । नेपालबाहिर पनि फिल्मले अहिलेसम्मको सबै रेकर्ड तोडेको थियो ।

**कुन–कुन फिल्म रिलिज भए ?**

जनवरीयता हेर्ने हो भने करिब ३ दर्जन फिल्म रिलिज भए । जनवरीमा घनश्याम लामिछाने निर्देशित फिल्म चित्रा र दीपक श्रेष्ठको पर्खी बसो तिमीलाई प्रदर्शन भए । त्यसपछि माओत्से गुरुङ निर्देशित दयारानी र सिमोस सुनुवार निर्देशित हात्तीछाप सँगै प्रदर्शनमा आए । त्यसपछि आकाश मगर निर्देशित जिग्री, मिलन चाम्स निर्देशित गुर्खा वारियर, सौरभ चौधरी निर्देशित अगस्त्य : च्याप्टर १, ज्ञानेन्द्र ओझा निर्देशित उपहार, अर्जुन सुवेदी निर्देशित रंगेली, नवल खड्का निर्देशित काँडेतार प्रदर्शनमा आए ।

त्यस्तै, प्रदीप भट्टराई निर्देशित महाजात्रा, सोभित बस्नेत निर्देशित बद्री बहादुर, रामबाबु गुरुङ निर्देशित डिग्री माइला र फिडेल देवकोटा निर्देशित द रेड सुटकेश प्रदर्शनमा आए । महाजात्रा, डिग्री माईला र रेड सुटकेशले फरक फरक स्वाद मात्रै पस्केनन्, फिल्म बजारमा आशाको संचार पनि गरे ।सुलक्षण भारती निर्देशित फिल्म बोक्सीको घर, उपेन्द्र सुब्बा निर्देशित मनसरा, दिनेश राउत निर्देशित पुजार सार्की, सुयोग गुरुङ निर्देशित फर्की फर्की, घनश्याम लामिछाने निर्देशित लण्डन टु पेरिस, अनिल मगर निर्देशित घरज्वाइँ, नवीन सुब्बा निर्देशित गाउँ आएको बाटो, रुपेश तामाङ निर्देशित दानवी, शंकर कोइराला निर्देशित मोदीबेनी, सुदर्शन थापा निर्देशित रावायण, आकाश बराल र साजन काफ्ले निर्देशित वेहुली फर्म मेघौली, वसन्त निरौला निर्देशित ज्वाइँसाब, विराज भट्ट निर्देशित १२ गाउँ, दीपाश्री निरौला निर्देशित छक्का पञ्जा-५, जोन योञ्जन निर्देशित आँखा, सिद्धार्थ पुडासैनी निर्देशित सानो संसार, मीन भाम निर्देशित साम्बला, सरोज पौडेल निर्देशित पूर्ण बहादुरको सारंगी, चन्द्र पन्त निर्देशित ह्रस्वदीर्घ र शंकर घिमिरे निर्देशित तेल भिसालगायतका फिल्म प्रदर्शनमा आए ।

यी फिल्ममध्ये केहीले लगानी उठाएनन् भने केहीले दर्शकमा राम्रो छाप छोड्न सफल भए । बोक्सीको घरले अभिनेत्री केकी अधिकारीको उचाई मात्रै बढाएन, सामाजिक विषयमा बनाईएका फिल्म पनि चल्छन् भन्ने मानक नै स्थापित गर्यो । मनसार, छक्का पञ्जा-५ ले बजार तताए । पूर्ण बहादूरको सारंगीले त एकछत्र बजारमा राज गर्यो । मीन भाम निर्देशित साम्बला नेपाली फिल्मको उचाईलाई संसारभर पुर्‍यायो ।

**अनपेक्षित सफलता**

'महाजात्रा' त सिक्वेल र ठूला ब्यानरका कारण पनि सफल हुन्छ भन्ने अनुमान धैरै दर्शकलाई थियो । तर दर्शकले अनुमानै नगरेका फिल्महरूले पनि यसपटक अनपेक्षित सफलता हासिल गरे । त्यसको सुरुवात भने 'बोक्सीको घर'बाटै भयो । त्यसयता हेर्ने हो भने अधिकांश फिल्मले सुखद् व्यापार गरे । 'पूजार सार्की,' 'फर्की फर्की', 'घरज्वाइँ', 'मनसरा', डिग्री माइला', 'गाउँ आएको बाटो', 'खुस्मा' हुँदै 'शाम्बाला' लगायत कुनै पनि फिल्मले व्यापारमा निराश बनाएनन् । केहीले लगानी सुरक्षित गरे त केहीले राम्रो व्यापार । दसैंयता 'बेहुली फ्रम मेघौली,' 'ज्वाइँसाब', छक्का पञ्जा-५' र '१२ गाउँ'सम्म आइपुग्दा एकाधले बाहेक अनपेक्षित व्यापार गरे । 'पूर्णबहादुरको सारङ्गी'ले त थुप्रै रेकर्ड तोड्यो ।

**सबै विधामा आशा**

नेपाली फिल्ममा पछिल्लो समय चलेको विधा थियो- कमेडी । कमेडीबाहेक अरू विधाका फिल्म चल्दैनन् भन्ने भाष्य सिर्जना भएको थियो । तर, यो वर्ष त्यो भाष्य तोडिएको छ । किनकि, लामो समयदेखि नेपालमा एक्सन प्रधान फिल्म चलिरहेको थिएन । तर '१२ गाउँ'ले बक्स अफिसमा राज गरिरहेको 'छक्का पञ्जा' सिरिजलाई व्यापारमा उछिन्यो । धैरैलाई लागेको थियो, 'अब नेपालमा एक्सन प्रधान फिल्ममात्र चल्छ ।' तर सामाजिक कथामाथि बनेको फिल्म 'पूर्णबहादुरको सारङ्गी'ले दर्शक तथा विश्लेषकहरूलाई पनि चकित बनाइदियो । डार्क कथामाथि बनेको फिल्म 'बोक्सी'को घरदेखि लिएर मौलिक कथाका फिल्महरू 'घर ज्वाइ', 'गाउ आएको बाटोसम्म' व्यावसायिक हिसाबमा सफल भए । यद्यपि, अन्तर्राष्ट्रिय फेस्टिभलमा राम्रो उपस्थिति जनाएको फिल्म 'रेड सुटकेश' भने व्यावसायिक हिसाबमा सफल भएन ।

'हिरो'को चर्चा यसपटक फिल्म क्षेत्रमा दुई अभिनेताको चर्चा भने नौलो तरिकाले भयो । फिल्म '१२ गाउँ'बाट डेब्यू गरेका समीर भट्ट विशेष आकर्षणका रुपमा रहे । उनको नृत्य र एक्सनको तारिफ निकै भयो । त्यसैगरी सधैं सहायक चरित्र निभाइरहेका अभिनेता विजय बरालको चर्चा 'पूर्ण बहादुररको सारङ्गी'सँगै चुलियो । उनी नयाँ इतिहास रच्ने अभिनेताका रुपमा दरिए । फिल्ममा उनको अभिनयको चर्चा पनि निकै भयो । गएको अंग्रेजी वर्षले त फिल्म क्षेत्रमा उत्साह भरिदियो । आउँदो नयाँ वर्षमा आगामी फिल्महरूको उपस्थिति कस्तो होला ? त्यो भने हेर्न बाँकी नै छ ।




# छिमेकी साकोसको सचिवमा बिनोद सापकोटा

झिलझिले (प्रस) । झापाको शिवसताक्षी नगरपालिकामा रहेको छिमेकी बचत तथा ऋण सहकारी संस्थाको सचिव पदमा विनोद सापकोटा निर्विरोध निर्वाचित भएका छन्।

संस्थाको १८औं वार्षिक साधारण सभाको बन्दसत्रले रिक्त सचिव पदमा निर्विरोध चयन भएको निर्वाचन समितिले घोषणा गरेको थियो।

सापकोटाले संस्थाको व्यवस्थापनलाई थप प्रभावकारी, पारदर्शी र सदस्यहरूको सेवा सुधार गर्ने प्रतिबद्धता जनाए। उनले संस्थाको आर्थिक स्थिरता र समृद्धिका लागि नयाँ योजनाहरू सञ्चालन गर्ने समेत बताएका थिए।



यसअघि सञ्चालक समिति सदस्य रहेका सापकोटालाई निर्विरोध चयन गरेको हो। बुधबार झिलझिलेस्थित संस्थाको आफ्नै कार्यालयको सभाहलमा सम्पन्न निर्वाचनमा सापकोटा निर्विरोध निर्वाचित भएको निर्वाचन समितिका संयोजक बेनु कार्कीले बताए । सापकोटा सो सहकारी संस्थाका संस्थापक कर्मचारी पनि हुन् ।

संस्थाको स्थापना कालदेखि नै सापकोटा सक्रिय सदस्यका रूपमा काम गर्दै आएका छन् । उनले संस्थाको विकासमा महत्वपूर्ण योगदान पुर्याएका छन्। सचिव पदको लागि उम्मेदवारी दर्ता गर्ने एक मात्र व्यक्ति भएकाले सापकोटा निर्विरोध चयन भएका हुन्।

यसैगरी सञ्चालक समितिको रिक्त सदस्य पदमा दुधेका निरज दुलाल सर्वसम्मत चयन भएका छन्। सापकोटा सञ्चालक समितिको सचिव पदमा पदोन्नति भएपछि रिक्त पदमा ऋण उपसमितिका सदस्य रहेका दुलाल सञ्चालक समितिको सदस्य पदमा निर्विरोध चयन भएको निर्वाचन समितिले जनाएको छ।

गएको पुष १५ गतेदेखि सुरु भएको साधारण सभा बुधबार अध्यक्ष मोहन मैनालीद्वारा प्रस्तुत प्रतिवेदन, लेखा तथा सुपरीवेक्षण समितिको आन्तरिक प्रतिवेदन, महालेखा परीक्षकको प्रतिवेदन सभाको गणपरक संख्याले अनुमोदन गर्दै स्वीकृत गरेको छ। सहकारी संस्थाको कुल सदस्य संख्या ४३८५ रहेको छ ।

साधारण सभाको बन्दसत्रले विभिन्न महत्वपूर्ण निर्णयहरू स्वीकृत गर्दै १८औं वार्षिक साधारण सभा विधिवत रूपमा समापन भएको संस्थाका अध्यक्ष मैनालीले जानकारी दिए ।

यस्तै भावी कार्यक्रम र योजनाको आनुमानित आयव्यय पनि स्वीकृत गरिएको थियो। संस्थाको विनियम २०६४ पुनर्लेखन विनियम २०८१ सर्वसम्मत स्वीकृत गरिएको छ। संस्थाको बन्दसत्रले आर्थिक वर्ष ०८१/ ०८२ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक समेत निर्धारण गरेको संस्थाका कार्यकारी प्रमुख नरप्रसाद ओलीले बताए ।

यस्तै साधारण सभाको बन्दसत्रले संस्थाको आन्तरिक कार्यविधि तथा नीति संशोधन अनुमोदन गरेको छ । कार्यक्रम संस्थाका अध्यक्ष मैनालीको अध्यक्षतामा भएको थियो।

यसैबीच सो सहकारी संस्थाले विभिन्न रोगबाट ग्रसित संस्थाका सदस्यलाई आर्थिक सहयोग प्रदान गरेको छ। क्यान्सर, मिर्गौला पीडित, मुटु, मेरुदण्डको समस्याबाट ग्रसित संस्थाका सदस्यलाई उपचारमा सहयोग पुर्याउने हेतुले आर्थिक सहयोग गरिएको सो सहकारी संस्थाले जनाएको छ।

यो कार्यक्रमसँग सम्बन्धित कार्यविधि नै बनाएर संस्थाका अन्य सदस्यलाई पनि आर्थिक सहयोग गर्ने सो सहकारी संस्थाले लिएको लक्ष्यलाई सभाले कार्यविधि निर्माण गरेर पीडित सदस्यलाई आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरेको छ।

कार्यविधि निर्माणका लागि संस्थाका उपाध्यक्ष उदयप्रकाश राईको संयोजकत्वमा कार्यविधि लेखन समिति गठन गरिएको छ। सो समितिमा सचिव विनोद सापकोटा र कार्यकारी प्रमुख नवीन ओली रहेका छन् । चालु आर्थिक वर्षदेखि नै यो कार्यक्रम सञ्चालन हुने सहकारी संस्थाले जनाएको छ।

पहिलोपटक क्यान्सरपीडितहरु बन्धु मगर, प्रेमप्रसाद चिमरिया र लेखाकुमारी भट्टराईलाई जनही १५ हजार प्रदान गरिएको छ। यस्तै मुटुरोगपीडित कृष्णकुमार श्रेष्ठ र मिर्गौलापीडित फुर्वा तामाङलाई पनि जनही १० हजार प्रदान गरिएको छ।

यस्तै मेरुदण्डको शल्यक्रिया गरिएकी सपना ठटाल र अग्निपीडित जयन्ती राईलाई जनही ७ हजार प्रदान गरिएको छ । आन्द्राको सफल शल्यक्रिया गरेका संस्थाका सदस्य धनबहादुर पराजुलीलाई पाँच हजार प्रदान गरिएको सहकारी संस्थाले जनाएको छ।

# प्रलेस कोशी प्रदेशद्वारा अग्रज स्रष्टा सम्मानित




झापा(प्रस) । प्रगतिशील लेखक संघ कोशी प्रदेशले मोरङको बेलबारी नगरपालिकाको सभाकक्षमा अग्रज स्रष्टाहरुलाई सम्मान गरेको छ । सोमवार सम्मानित हुनेहरुमा मार्क्सवादी चिन्तक तथा अग्रज स्रष्टा हर्कमान तामाङ, प्रसिद्ध साहित्यकार तथा संस्कृतिविद् प्रा.डा.बद्रीविशाल पोखरेल, सुप्रसिद्ध गजलकार तथा कविहरु मधु पोखरेल, प्राज्ञ सुमित्रा वाङ्देल तथा मिश्र बैजयन्ती रहेका छन् । प्रदेश अध्यक्ष प्रसिद्ध साहित्यकार तीला लेकालीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि प्रलेस केन्द्रीय उपाध्यक्ष तथा प्रसिद्ध कलाकार नमुना शर्माले अग्रज स्रष्टाहरुलाई खादा,माला,दोसल्ला र सम्मानपत्र प्रदान गरेकी थिइन् । प्रमुख अतिथि शर्माले सम्मानित स्रष्टाहरुको लेखकीय योगदान,महत्व र भूमिकाको उच्च प्रशंसा गर्दै साझा संठनका रुपमा रहेको प्रगतिशील लेखक संघ साहित्यका माध्यमबाट सांस्कृतिक रुपान्तरणमा देशव्यापीरुपमा लागिपरेको बताइन् । कार्यक्रममा विशेष अतिथि वरिष्ठ साहित्यकार तथा प्रलेसका महासचिव डा. देवी क्षेत्री दुलालले बाम पार्टीहरु बारबार विभाजित र विखण्डित भएपनि बाम लेखकहरु विविधताका बीच पनि एकताबद्ध भएको उदाहरणीय पक्ष रहेको बताए । सम्मानित स्रष्टाका तर्फबाट कार्यक्रमका विशेष अतिथि तथा प्रलेस केन्द्रीय सल्लाहकार प्रा.डा. बद्रीविशाल पोखरेलले कोशी प्रदेशका साहित्यिक र सिर्जनात्मक गतिविधिको प्रशंसा गर्दै प्रगतिशील सौन्दर्यशास्त्रीय बहुआयाममा यसको नेतृत्व पक्षले गम्भीर मन्थन र बहस गर्नु पर्ने बताए । मूलतः समानान्तर लेखन र लेखकका बीच स्वस्थ्य सिर्जनात्मक प्रतिस्पर्धा नै प्रतिस्पर्धी प्रगतिवाद हो । विचारलाई विचारले कलमलाई कलमले नै प्रतिवाद गर्नुपर्छ । बरु बौद्धिक र सिर्जनात्मक कर्म प्रति अनुदार बन्ने मातृपार्टी र यसका अधिकांश नेताहरुसित बसेर प्रगतिशील सरकार,सत्ता र शक्तिलाई सबल र दीगो बनाउन प्रगतिशील संस्कृति र सांस्कृतिक रुपान्तरण अपरिहार्य रहेको विषयबारे गहन बहस गर्न जरुरी रहेको बताउँदै कार्यक्रमहरु रहरलाग्दा,भरलाग्दा र आशलाग्दा हुनु पर्ने बताए । वरिष्ठ लेखक हर्कमान तामाङले मन्तव्यका क्रममा प्रलेस २००९ का संस्थापक अध्यक्ष तथा वरिष्ठ साहित्यकार स्व. श्यामप्रसाद शर्माको तयारी अवस्थाको अर्धकदको प्रतिमा स्थापनासहित प्रलेस भवन निर्माणका लागि आफूले जग्गा दान दिने घोषणा गरे । सभाको सुरुवातमा नै सम्मानित स्रष्टाहरुले तीन-तीनवटा रोचक, घोचक तथा कलात्मक कविता वाचन गरेका थिए ।सभामा विश्व साहित्य सम्मेलनका अध्यक्ष तथा वरिष्ठ सर्जक सुरेन्द्र लिम्बू परदेशी ,कोशी प्रदेश उपाध्यक्ष तथा वरिष्ठ कवि राम खरेल, प्रसिद्ध समालोचक अमृत आचार्य, वरिष्ठ कविहरु राममणि पोखरेल,लीला अधिकारी र सिर्जना सरोबरलगायतले मन्तव्य व्यक्त गरेका थिए ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष**: आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । प्रेम जीवन सफल र सुखद् रहने

**वृष**: आँटेको र ताकेको कार्य पुरा होला । प्रतियोगितात्मक क्रियाकलापमा विजय

**मिथुन**: परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ । आर्थिक लाभ हासिल हुन सक्ने देखिन्छ ।

**कर्कट**: यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला ।

**सिंह**: साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**कन्या**: रमणीय र सुखद यात्राको योग पनि छ । मन कमजोर रहने सक्छ ।

**तुला**: आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक**: आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु**: आज परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ । घर परिवारका सदस्यहरूबाट

**मकर**: मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।

**कुम्भ**: आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धुबान्धवबाट सहयोग मिल्नेछ ।

**मिन**: इच्छा र आकाङ्क्षा पूर्ण हुनेछ । शुभारम्भको चर्चा चल्नेछ ।